धुर्कोट गाउँपालिका
गुल्मी जिल्ला,प्रदेश नं. ५, नेपाल

# धुर्कोट राजपत्र

| वर्ष : २ | अंक : १३ |
|---|---|

## भाग : २

**गाउँ कार्यपालिकाबाट मिति २०७५/०१/०५ मा स्वीकृत भएको धुर्कोट गाउँपालिकाको मर्मत सम्भार कोष सञ्चालन कार्यविधि २०७५ बमोजिम सार्वजनिक जानकारीको लागि देहाय बमोजिम प्रकाशन गरिएको छ ।**

# धुर्कोट गाउँपालिकाको मर्मत सम्भार कोष सञ्चालन कार्यविधि २०७५

**आज्ञाले**
**लोकहरि थापा**
**प्रमुख प्रशासकीय अधिकृत**

| कार्यविधि संख्या :- | १३ |
|---|---|

# धुर्कोट गाउँपालिकाको मर्मत सम्भार कोष सञ्चालन कार्यविधि २०७५

| गाउँ कार्यपालिकाबाट स्वीकृत मिति :- | २०७५/०१/०५ |
|---|---|

# धुर्कोट गाउँपालिका

बर्बोट, गुल्मी
५ नं. प्रदेश
नेपाल

# धुर्कोट गाउँपालिकाको मर्मत सम्भार कोष सञ्चालन कार्यविधि २०७५

धुर्कोट गाउँपालिका मर्मत सम्भार कोष सञ्चालन कार्यविधि २०७५, गाउँ कार्यपालिकाको मिति २०७५ वैशाख ०५ को निर्णयानुसार यो कार्यविधि लागू गरिएको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

### १. संक्षिप्त नाम र प्रारम्भ :

(क) यस कार्यविधिको नाम **"धुर्कोट गाउँपालिका मर्मत सम्भार कोष संचालन कार्यविधि, २०७५"** रहनेछ ।

(ख) यो कार्यविधि तुरुन्त लागू हुनेछ ।

### २. परिभाषा :

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :-

(क) **"गाउँपालिका"** भन्नाले धुर्कोट गाउँपालिकालाई जनाउनेछ ।

(ख) **"अध्यक्ष"** भन्नाले धुर्कोट गाउँपालिकाका अध्यक्षलाई जनाउनेछ ।

(ग) **"उपाध्यक्ष"** भन्नाले धुर्कोट गाउँपालिकाका उपाध्यक्षलाई जनाउनेछ ।

(घ) **"मर्मत सम्भार कोष"** भन्नाले गाउँपालिकाको आर्थिक वर्ष ०७४।०७५ मा सञ्चालित योजनाहरूबाट कट्टी गरिएको ५% रकमलाई जनाउनेछ ।

## परिच्छेद-२
## उद्देश्य

३. यस कार्यविधिको उद्देश्य देहाय बमोजिम रहेको छ ।

(क) गाउँपालिका भित्र रहेका सडकहरूको मर्मत सम्भार गरी नियमित रूपमा यातायातका साधनहरू सञ्चालन गरिनेछ ।

(ख) सञ्चालनमा रहेका खानेपानी योजनाहरू मर्मत सम्भार गरी नियमित रूपमा खानेपानी योजनाहरू सञ्चालन गरिनेछ ।

(ग) गाउँपालिकाको कार्यालय र वडा कार्यालयहरूमा साना मर्मत सम्भार तथा घेराबारका कार्यहरू गरिनेछ ।

## परिच्छेद-३
## खर्च गर्ने क्षेत्रहरू

४. यस कार्यविधि अनुसार खर्च गर्ने क्षेत्रहरू देहाय बमोजिम रहनेछ ।

(क) गाउँपालिका भित्र रहेका नियमित रूपमा यातायात सञ्चालन हुने सडकहरूमा मजदुर राखी नियमित रूपमा मर्मत सम्भार गरिनेछ तथा सडक मजदुरलाई मासिक रूपमा पारिश्रमिकको व्यवस्था गरिनेछ ।

(ख) गाउँपालिका भित्र रहेका ठूला खानेपानी आयोजनाहरूको मर्मत तथा नियमित सञ्चालन गर्नका लागि आवश्यक प्राविधिक जनशक्ति,मर्मत सम्भारका लागि सामग्री (पाइप, गेटभल्व, रेन्ची, कन्ट्रोल भल्व) उपलब्ध गराइनेछ ।

(ग) गाउँपालिकाको कार्यालय तथा वडा कार्यालयहरूमा हुने खानेपानी मर्मत , शौचालय मर्मत, घेराबार, विद्युत वायरिङ्ग मर्मत, गेट निर्माण, बगैंचा निर्माणको व्यवस्थामा खर्च गर्न सकिनेछ ।

(घ) सडक मर्मत मजदुरका लागि कामकाजमा खटाउन सडक सुपरभाइजरको व्यवस्था गरिनेछ ।

(ङ) सडक मर्मत मजदुरका लागि आवश्यक पर्न निर्माण सामग्रीहरू गैंती, वेल्चा, कोदालो, गल, घन, हँसिया, रेनकोट, हेल्मेट, बुट जस्ता सामानहरू आवश्यकतामा उपलब्ध गराइनेछ ।

(च) सडक संचालन गर्ने सम्बन्धमा सडक मजदुरबाट मर्मत गर्न कठिन अवस्था देखिएमा डोजर जस्ता मेशिन भाडामा ल्याइ यातायात सुचारु गर्न सडक मर्मत गरिनेछ ।

(छ) सडक मजदुरको पारिश्रमिक (ज्याला) गाउँ कार्यपालिकाको निर्णय अनुसार निर्धारण गरिनेछ ।

## परिच्छेद-४
## कोषको व्यवस्था

५. यस कार्यविधि अनुसार मर्मत संभार कोषमा देहाय बमोजिमको रकम जम्मा हुनेछ ।

(क) गाउँपालिकाको गाउँसभाबाट विनियोजित रकम ।

(ख) नेपाल सरकारबाट प्राप्त रकम ।

(ग) प्रदेश सरकारबाट प्राप्त रकम ।

(घ) दातृ निकायहरूबाट प्राप्त रकम ।

(ङ) गाउँपालिकाको आर्थिक वर्ष ०७४।०७५ मा सञ्चालित योजनाहरूबाट कट्टी गरिएको ५% रकम ।

## परिच्छेद-५
## सडक मजदुर तथा खानेपानी पलम्बरहरूको छनौट तथा निलम्बन

६. सडक मजदुर तथा खानेपानी पलम्बरको छनोट तथा निलम्बन देहायको प्रकृयाबाट गरिनेछ ।

(क) सडक क्षेत्र आसपासका सम्बन्धित वडा समितिले सिफारिस गरिएको व्यक्तिलाई गाउँपालिकाबाट नियुक्ति गरिनेछ ।

(ख) खानेपानी मर्मतका लागि सम्बन्धित क्षेत्रको अनुभवी तथा तालिम प्राप्त व्यक्तिलाई छनौट गरिनेछ ।

(ग) नेपाली नागरिक १८ वर्ष पुरा भई ५० वर्ष ननाघेको हुनु पर्नेछ ।

(घ) छनौट भई तोकिए बमोजिम कार्य नगरेको पाइएमा जुनसुकै बेला पनि हटाउन सकिनेछ ।

## परिच्छेद-६
## अनुगमन

७. (क) यो कार्यविधि अनुसार गरिएका काम कारवाहीहरूको वडा कार्यालय तथा गाँउपालिकाबाट अनुगमन गरिनेछ ।

## परिच्छेद-७
## संशोधन तथा परिमार्जन सम्बन्धमा

८. क) यो कार्यविधि गाउँ कार्यपालिकाबाट आवश्यकता अनुसार संशोधन तथा परिमार्जन गर्न सकिनेछ ।

## परिच्छेद-८
## खारेजी तथा बचाउ

९. (क) यस कार्यविधिमा व्यवस्था भएका कुराहरूको हकमा **"स्थानीय सरकार सञ्चालन ऐन २०७४"** तथा अन्य प्रचलित कानूनसँग बाँझिएको हकमा बाँझिएको हदसम्म खारेजी हुनेछ ।

**समाप्त**

ooo